# भाग ५

## नेपाल सरकार

## परराष्ट्र मन्त्रालयको

## सूचना

नेपाल सरकारले साउदी अरबमा मृत्यु भएका वा घाइते भएका नेपाली नागरिकको तर्फबाट निजका कानूनी हकदारले वा घाइते आफैंले बीमा/क्षतिपूर्ति रकमका सम्बन्धमा कानूनी कारबाहीका लागि नेपाली राजदूतावास, रियाद वा नेपाली महावाणिज्यदूतावास, जेद्दाले सम्झौता गरी रोष्टर सूचीमा सूचिकृत गरेका साउदी अरब सरकारको कानून र नेपालको कानूनबमोजिम वारेस हुन योग्य साउदी अरबका स्थानीय कानून व्यवसायी (साउदी नागरिक) लाई अर्को कानूनी व्यवस्था नभएसम्मका लागि नियोगले तोकेको ढाँचामा मृतक वा घाइतेको सम्बन्धित स्थानीय तहको वडा कार्यालयमार्फत वारेसनामा (पावर अफ अटर्नी) दिने र सम्बन्धित स्थानीय तहको कार्यपालिकाबाट प्रमाणित गरेपछि कन्सुलर सेवा विभागद्वारा प्रमाणीकरण गरी बीमा/क्षतिपूर्तिसम्बन्धी कारबाही प्रक्रिया अगाडि बढाउने गरी आदेश जारी गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**आज्ञाले,**
**गणेशप्रसाद ढकाल**
**निमित्त सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.१५।-
गो.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।